## हिलिहाङ गाउँपालिका
## गाउँ सभा

२० औं अधिवेशन
बैठक संख्या :-१
सभा मिति : २०८३/०३/०९

गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम यस हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट अधिवेशन आज मिति २०८३ असार ०९ गते मंगलबारका दिन सभाका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षता र सम्पूर्ण सभा सदस्यज्यूहरुको उपस्थितिमा बिसौं गाउँसभाको विधिवत सुरूवात भई सभामा पेश हुन आएका कार्यसूचीहरू उपर छलफल पश्चात देहायनुसारका निर्णयहरू यस सम्मानित सभाद्वारा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री समर बहादुर अधिकारी | सभाध्यक्ष | |
| २. | श्री सुमित्रा उप्रेती सेडाईं | उपाध्यक्ष | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्र कुमार लिम्बु | सभा - सचिव | |
| ४. | श्री सन्तोष लिङदेन | सभा सदस्य | |
| ५. | श्री भिम प्रसाद हेम्ब्या | सभा सदस्य | |
| ६. | श्री बिरेन्द्र कुमार योङहाङ | सभा सदस्य | |
| ७. | श्री धनपती गिरी | सभा सदस्य | |
| ८. | श्री विर्ख बहादुर सुहाङ | सभा सदस्य | |
| ९. | श्री गणेश प्रसाद योङहाङ | सभा सदस्य | |
| १०. | श्री धन कुमार लिम्बु | सभा सदस्य | |
| ११. | श्री शुष्मा लावती | सभा सदस्य | |
| १२. | श्री गंगामाया विश्वकर्मा | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १३. | श्री विष्णु कुमारी भट्टराई | सभा सदस्य | |
| १४. | श्री निम्की भोटीनी | सभा सदस्य | |
| १५. | श्री विरेन्द्र मंग्राती | सभा सदस्य | |
| १६. | श्री पुण्य प्रसाद राई | सभा सदस्य | — |
| १७. | श्री खड्ग बहादुर राई | सभा सदस्य | |
| १८. | श्री कृष्ण कुमारी वेघा | सभा सदस्य | |
| १९. | श्री विमला विश्वकर्मा रसाइली | सभा सदस्य | — |
| २०. | श्री देवी प्रसाद कार्की | सभा सदस्य | |
| २१. | श्री पदमा नेपाली | सभा सदस्य | — |
| २२. | श्री यज्ञ बहादुर थापा | सभा सदस्य | |
| २३. | श्री धन बहादुर तामाङ | सभा सदस्य | |
| २४. | श्री केशर कुमार माङ्युङ | सभा सदस्य | |
| २५. | श्री चित्र बहादुर कार्की | सभा सदस्य | |
| २६. | श्री डुक माया सिवा | सभा सदस्य | |
| २७. | श्री अञ्जु रसाइली | सभा सदस्य | — |
| २८. | श्री पवित्रा बुढाथोकी | सभा सदस्य | |
| २९. | श्री बिनोद योङहाङ | सभा सदस्य | |
| ३०. | श्री छविन्द्र योङहाङ | सभा सदस्य | |
| ३१. | श्री राम कुमारी सार्की | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| ३२. | श्री डम्बर प्रसाद सुहाङ | सभा सदस्य | |
| ३३. | श्री लिला देवी रिजाल | सभा सदस्य | |
| ३४. | श्री सुख माया बिश्वकर्मा | सभा सदस्य | |
| ३५. | श्री धन सिंह हाङसरूम्बा | सभा सदस्य | |
| ३६. | श्री बिष्णु प्रसाद सापकोटा | सभा सदस्य | |
| ३७. | श्री माया कन्दङ्वा | सभा सदस्य | |
| ३८. | श्री सुनमान तामाङ | सभा सदस्य | |
| ३९. | श्री राम प्रसाद माझी | सभा सदस्य | |

**निर्णय नं. १.**

गाउँ सभाको २० औं अधिवेशन(बजेट)मा समसामयिक विषय(शून्य/विशेष समयमा) गाउँसभा सदस्यहरू श्री भीम प्रसाद हेम्ब्या र श्री गणेश प्रसाद योङहाङबाट उठान गरिएका विषयप्रति यस गरिमामय सभाको गम्भीर ध्यानाकर्षण भएको छ। प्रस्तुत विषयहरूको आवश्यक अध्ययन, समन्वय तथा कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२(१) बमोजिम सभाध्यक्ष श्री समर बहादुर अधिकारीद्वारा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सभासमक्ष प्रस्तुत तथा पेश भयो।

**निर्णय नं. ३.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२(१) बमोजिम सभाध्यक्षको अनुमतिमा उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईद्वारा "अर्थ विधेयक, २०८३" सभासमक्ष पेश भयो।

**निर्णय नं. ४.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२(१) बमोजिम सभाध्यक्षको अनुमतिमा उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईद्वारा "विनियोजन विधेयक, २०८३" सभासमक्ष प्रस्तुत तथा पेश भयो।

**निर्णय नं. ५.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २७ बमोजिम हिलिहाङ गाउँपालिकाको "बेरुजू फछ्र्यौट सम्बन्धी कार्यविधि विधेयक, २०८३" सभा समक्ष प्रस्तुत र उक्त विधेयक माथि दफावार छलफल गरी आवश्यक सुझावसहित प्रतिवेदन पेश गर्न कोशी प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम निर्मित विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ६.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २७ बमोजिम हिलिहाङ गाउँपालिकाको "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३" सभा समक्ष प्रस्तुत र उक्त विधेयक माथि दफावार छलफल गरी आवश्यक सुझावसहित प्रतिवेदन पेश गर्न कोशी प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम निर्मित विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ७.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २७ बमोजिम हिलिहाङ गाउँपालिकाको "योगदानमा आधारित सामाजिक सुरक्षा कोष विधेयक, २०८३" सभा समक्ष प्रस्तुत र उक्त विधेयक माथि दफावार छलफल गरी आवश्यक सुझावसहित प्रतिवेदन पेश गर्न कोशी प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम निर्मित विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ८.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा २७ बमोजिम हिलिहाङ गाउँपालिकाको "स्थानीय न्यायिक कार्यविधि विधेयक, २०८३" सभा समक्ष प्रस्तुत र उक्त विधेयक माथि दफावार छलफल गरी आवश्यक सुझावसहित प्रतिवेदन पेश गर्न कोशी प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम निर्मित विधायन समितिमा पठाउने निर्णय गरियो।

यससँगै, हिलिहाङ गाउँपालिकाको गाउँ सभाको २०औँ अधिवेशन(बजेट)को प्रथम बैठक यही स्थगन भयो।

## हिलिहाङ गाउँपालिका

## गाउँ सभा

**२० औं अधिवेशन**

बैठक संख्या :-२

सभा मिति : २०८३/०३/१०

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम यस हिलिहाङ गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनको दोस्रो वैठक आज मिति २०८३ असार १० गते बुधबारका दिन सभाका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षता र सम्पूर्ण सभा सदस्यज्यूहरुको उपस्थितिमा विधिवतरूपमा सुरूवात भई सभामा पेश हुन आएका कार्यसूचीहरू उपर छलफल पश्चात् देहायनुसारका निर्णयहरू यस गरिमामय सभाद्वारा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री समर बहादुर अधिकारी | सभाध्यक्ष | |
| २. | श्री सुमित्रा उप्रेती सेडाईं | उपाध्यक्ष | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्र कुमार लिम्बु | सभा - सचिव | |
| ४. | श्री सन्तोष लिङदेन | सभा सदस्य | |
| ५. | श्री भिम प्रसाद हेम्ब्या | सभा सदस्य | |
| ६. | श्री बिरेन्द्र कुमार योङहाङ | सभा सदस्य | |
| ७. | श्री धनपती गिरी | सभा सदस्य | |
| ८. | श्री विर्ख बहादुर सुहाङ | सभा सदस्य | |
| ९. | श्री गणेश प्रसाद योङहाङ | सभा सदस्य | |
| १०. | श्री धन कुमार लिम्बु | सभा सदस्य | |
| ११. | श्री शुष्मा लावती | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १२. | श्री गंगामाया विश्वकर्मा | सभा सदस्य | |
| १३. | श्री विष्णु कुमारी भट्टराई | सभा सदस्य | |
| १४. | श्री निम्की भोटीनी | सभा सदस्य | |
| १५. | श्री विरेन्द्र मंग्राती | सभा सदस्य | |
| १६. | श्री पुण्य प्रसाद राई | सभा सदस्य | |
| १७. | श्री खड्ग बहादुर राई | सभा सदस्य | |
| १८. | श्री कृष्ण कुमारी वेघा | सभा सदस्य | |
| १९. | श्री विमला विश्वकर्मा रसाइली | सभा सदस्य | |
| २०. | श्री देवी प्रसाद कार्की | सभा सदस्य | |
| २१. | श्री पदमा नेपाली | सभा सदस्य | |
| २२. | श्री यज्ञ बहादुर थापा | सभा सदस्य | |
| २३. | श्री धन बहादुर तामाङ | सभा सदस्य | |
| २४. | श्री केशर कुमार माङयुङ | सभा सदस्य | |
| २५. | श्री चित्र बहादुर  कार्की | सभा सदस्य | |
| २६. | श्री डुक माया सिवा | सभा सदस्य | |
| २७. | श्री अन्जु रसाइली | सभा सदस्य | |
| २८. | श्री पवित्रा बुढाथोकी | सभा सदस्य | |
| २९. | श्री बिनोद योङहाङ | सभा सदस्य | |
| ३०. | श्री छविन्द्र योङहाङ | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री राम कुमारी सार्की | सभा सदस्य | |
| ३२. | श्री डम्बर प्रसाद सुहाङ | सभा सदस्य | |
| ३३. | श्री लिला देवी रिजाल | सभा सदस्य | |
| ३४. | श्री सुख माया बिश्वकर्मा | सभा सदस्य | |
| ३५. | श्री धन सिंह हाङसरूम्बा | सभा सदस्य | - |
| ३६. | श्री बिष्णु प्रसाद सापकोटा | सभा सदस्य | - |
| ३७. | श्री माया कन्दङ्वा | सभा सदस्य | |
| ३८. | श्री सुनमान तामाङ | सभा सदस्य | |
| ३९. | श्री राम प्रसाद माझी | सभा सदस्य | |

**निर्णय नं. १.**

सभाध्यक्ष श्री समर बहादुर अधिकारीज्यूद्वारा कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२ बमोजिम गाउँ सभाको २० औँ अधिवेशनको प्रथम बैठकमा मिति २०८३/०३/०९ गते प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा स्वीकृत भई पारित गरियो।

**निर्णय नं. २.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२(१) बमोजिम हिलिहाङ गाउँपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सडाईज्यूद्वारा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम सभामा प्रस्तुत भयो।

**निर्णय नं. ३.**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ को उपदफा (२) बमोजिम हिलिहाङ गाउँपालिकाको न्यायिक समितिकी संयोजक श्री सुमित्रा उप्रेती सेडाईज्यूद्वारा न्यायिक समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत भयो।

**निर्णय नं. ४.**

योजना अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक श्री सुमित्रा उप्रेती सेडाईद्वारा हिलिहाङ गाउँपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत भयो।

**निर्णय नं. ५.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत भयो।

**निर्णय नं. ६.**

हिलिहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सभा समक्ष प्रस्तुत भई उक्त प्रतिवेदन माथि दफावार छलफल गरी प्रतिवेदन पेश गर्न कोशी प्रदेश गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ बमोजिम निर्मित अर्थ तथा सार्वजनिक लेखा समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ७.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम हिलिहाङ गाउँपालिकाको आर्थिक विकास समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश भयो।

**निर्णय नं. ८.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम हिलिहाङ गाउँपालिकाको सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश भयो।

**निर्णय नं. ९.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम हिलिहाङ गाउँपालिकाको पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश भयो।

**निर्णय नं. १०.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम हिलिहाङ गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश भयो।

**निर्णय नं. ११.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३७(ङ) बमोजिम हिलिहाङ गाउँपालिकाको सुशासन तथा संस्थागत विकास समितिको वार्षिक प्रतिवेदन सभासमक्ष पेश भयो।

यससँगै, हिलिहाङ गाउँपालिकाको गाउँ सभाको २०औँ अधिवेशनको दोस्रो बैठक यही स्थगन भयो।

## हिलिहाङ गाउँपालिका
## गाउँ सभा

**२० औं अधिवेशन**

बैठक संख्या :-३

सभा मिति : २०८३/०३/११

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ बमोजिम यस हिलिहाङ गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनको तेस्रो वैठक(अन्तिम) आज मिति २०८२ असार ११ गते बिहिबारका दिन सभाका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षता र सम्पूर्ण सभा सदस्यज्यूहरुको उपस्थितिमा विधिवतरूपमा सुरूवात भई सभामा पेश हुन आएका कार्यसूचीहरू उपर छलफल पश्चात् देहायनुसारका निर्णयहरू यस गरिमामय सभाद्वारा सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो।

**उपस्थिति :**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री समर बहादुर अधिकारी | सभाध्यक्ष | |
| २. | श्री सुमित्रा उप्रेती सेडाईं | उपाध्यक्ष | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्र कुमार लिम्बु | सभा - सचिव | |
| ४. | श्री सन्तोष लिङदेन | सभा सदस्य | |
| ५. | श्री भिम प्रसाद हेम्ब्या | सभा सदस्य | |
| ६. | श्री बिरेन्द्र कुमार योङहाङ | सभा सदस्य | |
| ७. | श्री धनपती गिरी | सभा सदस्य | |
| ८. | श्री विर्ख बहादुर सुहाङ | सभा सदस्य | |
| ९. | श्री गणेश प्रसाद योङहाङ | सभा सदस्य | |
| १०. | श्री धन कुमार लिम्बु | सभा सदस्य | |
| ११. | श्री शुष्मा लावती | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १२. | श्री गंगामाया विश्वकर्मा | सभा सदस्य | |
| १३. | श्री विष्णु कुमारी भट्टराई | सभा सदस्य | |
| १४. | श्री निम्की भोटीनी | सभा सदस्य | |
| १५. | श्री विरेन्द्र मंग्राती | सभा सदस्य | |
| १६. | श्री पुण्य प्रसाद राई | सभा सदस्य | |
| १७. | श्री खड्ग बहादुर राई | सभा सदस्य | |
| १८. | श्री कृष्ण कुमारी वेघा | सभा सदस्य | |
| १९. | श्री विमला विश्वकर्मा रसाइली | सभा सदस्य | |
| २०. | श्री देवी प्रसाद कार्की | सभा सदस्य | |
| २१. | श्री पदमा नेपाली | सभा सदस्य | |
| २२. | श्री यज्ञ बहादुर थापा | सभा सदस्य | |
| २३. | श्री धन बहादुर तामाङ | सभा सदस्य | |
| २४. | श्री केशर कुमार माङ्युङ | सभा सदस्य | |
| २५. | श्री चित्र बहादुर कार्की | सभा सदस्य | |
| २६. | श्री डुक माया सिवा | सभा सदस्य | |
| २७. | श्री अञ्जु रसाइली | सभा सदस्य | |
| २८. | श्री पवित्रा बुढाथोकी | सभा सदस्य | |
| २९. | श्री बिनोद योङहाङ | सभा सदस्य | |
| ३०. | श्री छविन्द्र योङहाङ | सभा सदस्य | |

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| ३१. | श्री राम कुमारी सार्की | सभा सदस्य | |
| ३२. | श्री डम्बर प्रसाद सुहाङ | सभा सदस्य | |
| ३३. | श्री लिला देवी रिजाल | सभा सदस्य | |
| ३४. | श्री सुख माया बिश्वकर्मा | सभा सदस्य | |
| ३५. | श्री धन सिंह हाङसरूम्बा | सभा सदस्य | |
| ३६. | श्री बिष्णु प्रसाद सापकोटा | सभा सदस्य | |
| ३७. | श्री माया कन्दङ्वा | सभा सदस्य | |
| ३८. | श्री सुनमान तामाङ | सभा सदस्य | |
| ३९. | श्री राम प्रसाद माझी | सभा सदस्य | |

**निर्णय नं. १.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम हिलिहाङ गाउँपालिकाको **"अर्थ विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. २.**

कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम हिलिहाङ गाउँपालिकाको **"विनियोजन विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. ३.**

विधायन समितिमा दफावार छलफलपश्चात् प्राप्त प्रतिवेदनका आधारमा हिलिहाङ गाउँपालिकाको **"बेरुजु फछ्यौंट सम्बन्धी कार्यविधि विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. ४.**

विधायन समितिमा दफावार छलफलपश्चात् प्राप्त प्रतिवेदनका आधारमा हिलिहाङ गाउँपालिकाको **"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. ५.**

विधायन समितिमा दफावार छलफलपश्चात् प्राप्त प्रतिवेदनका आधारमा हिलिहाङ गाउँपालिकाको **"योगदानमा आधारित सामाजिक सुरक्षा कोष विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. ६.**

विधायन समितिमा दफावार छलफलपश्चात् प्राप्त प्रतिवेदनका आधारमा हिलिहाङ गाउँपालिकाको **"स्थानीय न्यायिक कार्यविधि विधेयक, २०८३"** सर्वसम्मत रूपमा विधेयक पारित गरियो।

**निर्णय नं. ७.**

आ व २०८१।०८२ को अन्तिम प्रतिवेदनले औंल्याएको अनियमित बेरुजु सम्परिक्षण गर्न तपशिल बमोजिम निर्णय गरि नियमित गर्नका लागि सभामा पेश गर्ने निर्णय गरियो।

| सि नं | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरिक्षणको आधार | संपरीक्षणको निर्णय |
|---|---|---|---|---|
| १ | ३० | पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा संचालन रहेका संस्थाहरुले थप रकम आश्रितसँग लिए नलिएको यकिन नगरि भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ। यसरी भएको खर्च रकमलाई नियमित मान्न नसकिएकोः पुष्पलाल मदन भण्डारी परिषद भवन निर्माण रु १०,००,००० हरिहंश स्मृति प्रतिष्ठान भवन निर्माण रु १०,००,०००।०० | - सम्बन्धित संस्था दर्ता गैर नाफा मूलक भएको प्रमाण<br>- सम्बन्धित संस्थाको आय व्ययको प्रतिवेदन<br>- कार्यपालिकाबाट प्राप्त प्रतिवद्धता सहितको निर्णय | संलग्न प्रमाण र आधारमा आगामी दिनमा यस्ता प्रकृतिका कार्यहरुमा खर्च लेख्दा मलेपले यस दफामा उल्लेख गरेको रायलाई ख्याल गरेर मात्र भुक्तानी लेख्ने कार्यपालिकाको प्रतिवद्धता सहित नियमित गर्ने निर्णय गरियो। |

| सि नं | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरिक्षणको आधार | संपरीक्षणको निर्णय |
|---|---|---|---|---|
| २ | ४६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले आर्थिक बर्ष २०८१।८२ लाई पाँचथर जिल्लाको लागि प्रति मौरि घारको मुल्य रु. ३,७०० रहेको छ। पालिकाले दमक कृषि डेरी संसार एण्ड एग्रो प्रा.लि.बाट प्रति घार ५८०० दरले ३४ वटा जम्मा रु. १,९७,२०० मा खरिद गरेको छ। पालिकाले प्रति घार रु. २१०० ले ३४ वटा घारको रु. ७१४०० नियमबिपरित भुक्तानी गरी खरिद गरेको देखिन्छ। पालिकाले भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. ७१४००।०० | - जिल्लादररेट अनुसारको मौरीघार खरिदका लागि रु ३७०० को खरिद गर्दा प्लाइउडको (ब्रुडर सुपरफ्रेम) मात्र आउने र सेरेनाका लागि न्युटन बि टाईप १० फ्रेमवाला टुनिको काठ उपयुक्त हुने हुँदा लागत अनुमानका लागि ३ वटा फर्मबाट माग गरि पुन कोटेशन माग गरि रु ५८०० मा खरिद गरिएको हो । | गुणस्तरिय र कृषकको माग अनुसारको सामाग्री खरिद गर्दा जिल्ला दररेट भन्दा न्यून रकममा सामाग्री आपूर्ति गर्न नसकिएको ले आगामी दिनहरुमा जिल्ला दररेटमा तोकिएको स्पेशिफिकेशन अनुसारमात्र खरिद गरिने प्रतिबद्धताका आधारमा बेरुजुलाई सभाबाट नियमित गर्ने निर्णय गरियो । |
| ३ | ५७ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ६ नं. स्वास्थ्य चौकी शौचालय निर्माणको कार्य कान्छीहाङमा निर्माण सेवासँग २०८२।२।३० मा मिति २०८२।३।१५ गते भित्र कार्यसम्पन्न गर्नेगरी मु.अ.कर सहित रु.३४६५६८ मा सम्झौता भएको छ । निर्माण स्थल भएको स्थानमा स्वास्थ्य चौकीको भवन निर्माणको लागि गोल्डेन निर्माण सेवासँग मिति २०८१।९।११ मा रु.३६३९४८५ (मु.अ.कर सहित) मिति २०८२।३।१० सम्पन्न गर्नेगरी मा सम्झौता भएको देखिएको छ । पालिकाले एउटै स्थानमा गर्ने कार्यको लागि ठेक्का तथा सोझै खरिद गरी निर्माण कार्य गरेको देखिन्छ र दोहोरो गरी गर्नुपर्ने कारण समेत स्पष्ट देखिएन। अत: एउटै समयमा गर्नुपर्ने कार्यलाई ठेक्काको समयावधी हुदाँहुदै पुन सोझै खरिद मार्फत कार्य गराएको नियमसम्मत नदेखिएको रु. | स्वास्थ्य चौकीको भवन निर्माणको लागि गोल्डेन निर्माण सेवाले गरिरहेको अवस्थामा शौचालयको लागि लागत अनुमान नभएको हुदाँ आर्थिक बर्षको अन्तमा कार्यफछ्यौंट गर्न सम्बन्धित फर्मलाई अप्ठ्यारो हुने र समयसिमाको कमिले गर्दा ६ नं. स्वास्थ्य चौकीमा शौचालय निर्माणको कार्य कान्छीहाङमा निर्माण सेवासँग सम्झौता गरि सम्पन्न गरिएको हो । पालिकाले एउटै स्थानमा गर्ने कार्यको लागि ठेक्का तथा सोझै खरिद गरी निर्माण कार्य गरेतापनि काममा दोहोरोपना नहुने गरी खरिद कार्यसम्पन्न गरिएको हो । | संलग्न प्रमाण र आधारमा बेरुजुलाई सभाबाट नियमित गर्ने र आगामी दिनमा दोहोरो पर्ने गरि एकै समयमा खरिद कार्य नगर्ने कार्यपालिकाको प्रतिवद्धता सहित नियमित गर्ने निर्णय गरियो । |
| ४ | ६८ | सिंहपुर पशुपति माध्यामिक विद्यालयले च नं ००८ 'क' मिति २०७८।६।१ गतेको नियुक्ती पत्रबाट श्री भोला गौतमलाई विद्यालयको स्रोतबाट प्रति विषय मासिक ३००० तलब भत्ता पाउने गरी विद्यालय शिक्षकको रुपमा नियुक्त गरेको देखिन्छ। विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता | सिंहपुर पशुपति माध्यामिक विद्यालयमा कक्षा ११-१२ संचालन भएतापनि दरबन्दि स्वीकृत नभएकोले र शैक्षिक शत्र २०८२ को इमिस रिपोर्ट अनुसार कक्षा ११ र,१२ मा ३७ जना | संलग्न व्यहोराको आधारमा गाउँकार्यपालिकाले आगमी दिनमा यस्तो प्रकारको शिक्षकलाई तलब निकासा नगर्ने प्रतिवद्धता र शिक्षकको दरबन्दि मिलान तथा विद्यालय |

| सि नं | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरिक्षणको आधार | संपरीक्षणको निर्णय |
|---|---|---|---|---|
| | | भुक्तानी हुने गरी नियुक्त भएको र निज शिक्षकलाई पालिकाबाट नियुक्ती नदिएको अवस्थामा तलब भत्ता भुक्तानीको दायित्व पालिकामा सिर्जना हुने अवस्था देखिदैन। पालिकाले विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ को तलब भत्ता बापत गो भौ नं ५७५, २०८२।३।१९ बाट ५०००००र आर्थिक बर्ष २०८१।८२ को तलबभत्ता बापत ७५५, २०८२।३।२५ बाट रु. ५०००० गरि जम्मा रु. १०,००,००० भुक्तानी दिएको छ। शिक्षकको तलबभत्ता बापतको रकम पालिकाले विद्यालयलाई भुक्तानी गर्नु नियमसम्मत देखिदैन। यसरी भुक्तानी भएको रकम अनियमित भएको रु. १० लाख | विद्यार्थी अध्ययनरत रहेको हुदाँ आवश्यकताका आधारमा शिक्षकलाई तलब भत्ता विद्यालयले बेहोर्ने गरि नियुक्ति गरेतापनि सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्म निशुल्क शिक्षा दिने कानूनी प्रावधान रहेको हुँदा विद्यालयको आम्दानीको स्रोत समेत नहुदाँ पालिकाले गाउँसभाको निर्णय बमोजिम शिक्षकको तलब बापतको रकम भुक्तानी गरेको हो। | समायोजन गरि विद्यालय संचालन कार्यपालिकाको प्रतिबद्धता सहित यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्ने निर्णय गरियो। |
| ५ | ७१ | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा सञ्चालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार निम्नलिखित बालविकास केन्द्रमा विद्यार्थी संख्या शुन्य भएको अवस्थामा समेत सहजकर्ता नियुक्त गरी रु. 4,48,500 तलब भत्ता बापत भुक्तानी गरेको छ। शुन्य विद्यार्थी भएका बालविकास केन्द्रमा सहजकर्ता नियुक्त गरी तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | पालिकाले शून्य विद्यार्थी रहेको बालविकास केन्द्रका सहजकर्ताहरुलाई कंकला बाल विकास केन्द्रको सकालाई मझैटार आ वि र डाँडागाउँ बाविकेको सका लाई जनता आ वि मा कार्यरत रहने गरि समायोजन गरिएको छ। सोही समायोजन र मातृ विद्यालयमा अध्यापन गराएको आधारमा निज सकाहरुको तलब भत्ता सोही केन्द्रहरुमा भुक्तानी भएको हो। | संलग्न ब्यहोराको आधार र पालिकाबाट सिर्जित सका हरुको दरबन्दि मिलान गर्ने गाउँ कार्यपालिकाको प्रतिवद्धता सहित यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्ने निर्णय गरियो। |
| ६ | ७३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाबाट नियुक्त भएका भाषा शिक्षक बाहेक अन्य ३ विद्यालयका शिक्षकहरुको तलबभत्ता बापत रु. ८,६५,००३ भुक्तानी गरेको छ। शिक्षक दरबन्दी स्वीकृत नभएको, शिक्षकहरुको दरबन्दी मिलान नगरिएको, पालिकाले कुनै मापदण्ड नबनाएको तथा पालिकाबाट शिक्षक नियुक्तीको लागि स्वीकृती नभएको अवस्थामा वडाबाट नै शिक्षक | पालिकामा शिक्षा ऐन नबनेको र प्राविधिक शिक्षालाई मध्यनजर गरि कम्प्यूटर ल्याब संचालनका लागि मानव स्रोत आवश्यक भएको तर पालिकाको सोहि शिक्षक दरबन्दी स्वीकृत नभएको, शिक्षकहरुको दरबन्दी मिलान नगरिएको, पालिकाले कुनै मापदण्ड नबनाएको तथा पालिकाबाट शिक्षक नियुक्तीको लागि स्वीकृती नभएको | संलग्न व्यहोराको आधारमा आगमी दिनमा यस्तो प्रकारको शिक्षक नियुक्ति नगर्ने, शिक्षकलाई तलब निकासा नगर्ने तथा शिक्षकको दरबन्दि मिलान तथा विद्यालय समायोजन गरि विद्यालय संचालन गर्ने प्रतिवद्धता गर्दै दफाको बेरुजुलाई सभाबाट नियमित गर्ने निर्णय गरियो। |

| सि नं | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरिक्षणको आधार | संपरीक्षणको निर्णय |
|---|---|---|---|---|
| | | नियुक्ती गरी पालिकामाथी आर्थिक दायित्व सिर्जना हुनु मितव्ययीपूर्ण देखिदैन। वडाबाट नियुक्त भएका शिक्षकहरुको तलबभत्ता बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु. | अवस्थामा समेत वडाबाट नै शिक्षक नियुक्ती गरी पठनपाठन गराउको हुदाँ पालिकाले वडाबाट नियुक्त भएका शिक्षकहरुको तलबभत्ता बापत भुक्तानी भएको हो। | |
| ७ | ७६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ मा सार्वजनिक निकायले एक लाख रुपैँयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण बापत हेम कृष्ण चापागाईले रु. २,३५,००० भुक्तानी गरेको छ। पालिकाले कम्तीमा तीन वटा परामर्शदाताबाट दरभाउ माग गरी खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा नगरी एक व्यक्तिसँग सम्झौताबाट खरिद गरेको नियमसम्मत छैन। यसरी खरिद गरिएको नियमसम्मत नदेखिएको रु. | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले एक लाख रुपैँयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था भएको तर पालिकाले परामर्शकर्ताबाट खरिद गर्दा समेत महंगो पर्न जाने भएकोले अनुभवी र छिमेकी पालिकामा समेत काम गरेको व्यक्तिबाट सम्पन्न गरी भुक्तानी गरिएको हो। | संलग्न व्यहोराको आधारमा गाउँकार्यपालिकाले आगमी दिनमा यस्तो प्रकारको व्यक्तिगत परामर्शबाट काम गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पंर्ण पालना गरिने प्रतिवद्धताका आधारमा यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्ने निर्णय गरियो। |

**निर्णय नं. ८.**

सभास्तरीय गठित समितिका पदाधिकारीहरूले सभा समक्ष पेश गरेका प्रतिवेदन, न्यायिक समितिको वार्षिक प्रतिवेदन, हालसम्मका गाउँ कार्यपालिकाको सम्पूर्ण बैठकहरूबाट भएका निर्णयहरू तथा कार्यालयका सम्पूर्ण निर्णयहरू सभाबाट स्वीकृत भई अनुमोदन भयो।

**निर्णय नं. ९.**

चालू आ.व. २०८२/०८३ मा सञ्चालित ठेक्का योजना/कार्यक्रमहरू समयमै सम्पन्न नभई म्याद थप गर्नु पर्ने विशेष अवस्था आएमा उक्त योजना/कार्यक्रमहरूका लागि निश्चित म्याद थप गरी अल्या हुन आएको रकमबाट बजेट विनियोजन गरी भुक्तानी दिने अख्तियारी गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत रूपमा पारित गरियो।

**निर्णय नं. १०.**

गाउँ सभाको २० औं अधिवेशन(बजेट)मा समसामयिक विषयमा गाउँसभा सदस्यहरूले उठान गर्नु भएका विषयप्रति सभाको गम्भीर ध्यानाकर्षण भएको छ। प्रस्तुत विषयहरूको अध्ययन गरी सम्बन्धित पक्षसँग समन्वय गरी कार्यान्वयनार्थ गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ११.**

गाउँ सभाको २० औं अधिवेशनको दोस्रो बैठकले मिति २०८३/०३/१० गते पेश गरेको कोशी प्रदेश सरकारको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३२(१) बमोजिम आर्थिक वर्ष २०८३/०८४ वार्षिक बजेट तथा कार्यक्रम माथि छलफल गरी सभाबाट सर्वसम्मत रूपमा पारित गरियो।

अन्त्यमा, हिलिहाङ गाउँपालिकाको गाउँ सभाको २०औँ अधिवेशन(बजेट) आज मिति २०८३ साल असार ११ गते राती १२:०० बजेबाट अन्त्य हुनेछ।